कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा
बागमती प्रदेश, नेपाल
फोनः ९८५११८५०१६
Email: info@kalikamunrasuwa.gov.np
Website: kalikamunrasuwa.gov.np

प.सं. : २०८३/०८४
च.नं. :

## समाजसेवी तथा बालमनोविज्ञ सूचीकृत हुन आउने सम्बन्धी ३ दिने सार्वजनिक सुचना।

**(प्रकाशित मिति २०८३/०६/२६)**

स्थानीय बालअधिकार समितिको मिति २०८३/०६/२६ गते बसेको बैठकको निर्णय बमोजिम बालबालिका सम्बन्धि ऐन, २०७५ को दफा (६२), नियमावली, २०७८ को नियम (८३) अनुसार देहाय बमोजिमको योग्यता भएका समाजसेवी तथा बाल मनोविज्ञले यसै सूचनामा उल्लिखित कागजात तथा व्यक्तिगत विवरण सहित स्थानीय बालअधिकार समितिमा सूचीकृत हुन यो सूचना प्रकाशन भएको मितिले ३ दिन भित्र निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक योग्यता:**

क. नेपाली नागरिक,

ख. नैतिक पतन देखिने फौजदारी अभियोग वा बालबालिका विरुद्धको कसूरमा अदालतबाट कसूरदार नठहरिएको स्वघोषणा,

ग. असल चरित्र भएको,

घ. समाजसेवीको रूपमा सूचीकृत हुनका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको वा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा १२ कक्षा उत्तीर्ण गरेको र सामाजिक कार्य सम्बन्धी विषयमा कम्तीमा १ महिनाको तालिम प्राप्त गरेको,

ङ. बालमनोविज्ञको रूपमा सूचीकृत हुनका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान वा सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको वा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा १२ कक्षा उत्तीर्ण गरी मान्यता प्राप्त निकाय वा तालिम प्रदायक संस्थाबाट बाल मनोविज्ञान सम्बन्धमा कम्तिमा १ महिना तालिम प्राप्त गरेको।

**आवश्यक कागजातहरू:**

१. नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति - १

२. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको छाँयाप्रति - १

३. सम्बन्धित विषयमा तालिम लिएको प्रमाणपत्रको छाँयाप्रति - १

४. सम्बन्धित व्यक्तिको निवेदन - १

५. पासपोर्ट साइजको फोटो - १

..................................
**धर्मराज न्यौपाने**
प्रमुख प्रशासकीय अधिकृत

धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

**नोट:** भोटेकोशी बाढीबाट पीडित तथा प्रभावित क्षेत्रका बाल संरक्षण सम्बन्धी विषयमा कार्यरत योग्यता पुगेका व्यक्तिहरू पनि सूचीकृत हुन सकिनेछ।